# PAPER-II
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) ___________________________

   (Name) _____________________________

2. (Signature) ___________________________

   (Name) _____________________________

OMR Sheet No. : ...............................................

(To be filled by the Candidate)

Roll No. | | | | | | | | |

(In figures as per admission card)

Roll No.________________________________

(In words)

**J A 0 3 4 1 7**

Time : **1 ¼** hours]    [Maximum Marks : **100**

Number of Pages in this Booklet : **12**    Number of Questions in this Booklet : **50**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of fifty multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   - (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   - (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   - (iii) After this verification is over, the Test Booklet Number should be entered on the OMR Sheet and the OMR Sheet Number should be entered on this Test Booklet.
   - (iv) The test booklet no. and OMR sheet no. should be same. In case of discrepancy in the number, the candidate should immediately report the matter to the invigilator for replacement of the Test Booklet / OMR Sheet.
4. Each item has four alternative responses marked (1), (2), (3) and (4). You have to darken the circle as indicated below on the correct response against each item.

   **Example :** ① ② ● ④

   where (3) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Booklet only.** If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
9. You have to return the Original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry original question booklet on conclusion of examination.
10. **Use only Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. इस पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचास बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   - (i) प्रश्न-पुस्तिका खोलने के लिए पुस्तिका पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   - (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छौ तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   - (iii) इस जाँच के बाद प्रश्न-पुस्तिका का नंबर OMR पत्रक पर अंकित करें और OMR पत्रक का नंबर इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
   - (iv) प्रश्न पुस्तिका नं. और OMR पत्रक नं. समान होने चाहिए । यदि नंबर भिन्न हों, तो परीक्षार्थी प्रश्न-पुस्तिका / OMR पत्रक बदलने के लिए निरीक्षक को तुरंत सूचित करें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (1), (2), (3) तथा (4) दिये गये हैं । आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है :

   **उदाहरण** : ① ② ● ④

   जबकि (3) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पुस्तिका के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं । यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, जैसे कि अंकित किये गये उत्तर को मिटाना या सफेद स्याही से बदलना तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं ।
9. आपको परीक्षा समाप्त होने पर मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें । हालांकि आप परीक्षा समाप्ति पर मूल प्रश्न-पुस्तिका अपने साथ ले जा सकते हैं ।
10. **काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **गलत उत्तरों के लिए कोई नकारात्मक अंक नहीं हैं ।**

# NEPALI
# नेपाली
## PAPER – II
## प्रश्नपत्र – II

**Note :** This paper contains **fifty (50)** objective type questions, each question carrying **two (2)** marks. All Questions are compulsory.

**द्रष्टव्य :** यस प्रश्नपत्रमा **पचासवटा (50)** बहु-विकल्पी प्रश्न छन् । प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ । **सबै** प्रश्नका उत्तर लेख्नु अनिवार्य छ ।

**1.** विश्वेश्वरप्रसाद कोइरालाका 'मोदिआइन' तथा 'हिटलर र यहुदी' उपन्यासहरू कुन चिन्तनमा आधारित छन् ?

(1) फ्रायडेली (2) मार्क्सेली
(3) गान्धीवादी (4) गीतादर्शन

**2.** 'कर्खा' कस्तो लोकगीत हो ?

(1) खाँडो जगाउँदा गाइने गीत ।
(2) वीर पुरुषहरूको प्रशंसा र सम्झनामा गाइने वीररसप्रधान गीत ।
(3) विवाहोत्सवमा गाइने जुवारी गीत ।
(4) घटनाप्रधान बाह्रमासे गीत ।

**3.** आयामेली साहित्य सिद्धान्तका प्रसङ्गमा चर्चित 'हेलियोग्राफ' विज्ञानको कुन फाँटमा पर्छ ?

(1) मनोविज्ञान । (2) जीवविज्ञान ।
(3) भौतिकविज्ञान । (4) भाषाविज्ञान ।

**4.** "दार्जिलिङमा पद्यनाटक चेष्टा गर्ने कवि कहिल्यै जन्मेन, यो नाटकको विद्रूपजस्तो अन्त्यानुप्रासयुक्त प्रहसनको संलाप बरु दोहोरिया धेरै ।"
– 'यो नाटक' भनेर इतिहासकार कुमार प्रधानले कुन नाटकतिर सङ्केत गरेका हुन् ?

(1) कंजुसको धन । (2) रुक्मिणी हरण ।
(3) सुन्दरकुमार । (4) बुद्धचरित्र ।

**5.** गजवीर रानाले ऐतिहासिक सवाईकाव्य 'नागा हिल्सको सवाई' मा इस्ट इन्डिया कम्पनी र नागाहरूमाझ भएको कुन सालको युद्धको वर्णन गरेका छन् ?

(1) १८५०-५१ । (2) १८७९-८० ।
(3) १९४५ । (4) १९१३ ।

6. ‘मलाई अहिले लाग्छ म जति हुर्कँदै गएँ, जवानी ममा चढ्दै गयो, त्यो सौन्दर्यबोधको विकास पनि क्रमश: हुँदै गयो होला र त्यसले घमण्डको रूप पनि लियो । मैले सीमा नाघेँ र त्यो घमण्ड मेरो प्राकृतिक स्वभाव जतिकै प्रबल पनि भयो । मेरो एक अंश भयो । म यसैले बाहिरबाट जति भद्र, नम्रशील थिएँ, त्यत्तिकै आन्तरिक रूपले सचेत दृढ र उपेक्षाशील । घमण्डको थुप्रो थिएँ ।’

यसो भन्ने औपन्यासिक नारी पात्र को हुन् ?

(1) इन्द्रमाया । (2) अनुराधा ।

(3) सकमबरी । (4) मिसरी ।

7. माथिको उद्धरणको वक्ता-पात्रमा पछि विकास भएको परिणतिलाई मनोविज्ञानको भाषामा के भनिन्छ ?

(1) न्युरोसिस । (2) लिबिडो ।

(3) सुपर इगो । (4) म्यासकिज्म ।

8. समकालीन नेपाली रङ्गमञ्चमा लोकप्रिय भएको नेपाली पूर्णाङ्की नाटक ‘बस्तिनँ म यहाँ’ का प्रमुख अभिनेता-जोडी को हुन् ?

(1) देवराज शेर्पा र टङ्क शर्मा ।

(2) मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य ।

(3) मोहन विष्ट र प्रकार गुरुङ ।

(4) ललित गोले र अरुणप्रकाश राई ।

9. ‘महाकवि देवकोटा तीनचोटि जन्मे; ‘मुनामदन’ सित, ‘शाकुन्तल’ सित अनि ‘पागल’ सित; तर एकचोटि पनि मरेनन्, उनी नेपाली साहित्यसित सदैव जीवित रहनेछन् ।’

यो मन्तव्य कसको हो ?

(1) बालकृष्ण सम । (2) हृदयचन्द्रसिंह प्रधान ।

(3) चूडामणि बन्धु । (4) नित्यराज पाण्डे ।

10. जहाँ जो भेट्टायो, प्रणयसित खायो फलफुल
चुचो बायो, गायो, मधुर सुरमा तृप्ति-गजल ।
अहो ! त्यस्तो राम्रो विहग-कुलको चाल चलन
शिकोस् ता यो लोभी मनुज किन हुन्थ्यो र पतन ।

यस श्लोकमा कुन अलङ्कार परेको छ ?

(1) परिणाम । (2) संसृष्टि ।

(3) परिकर । (4) अर्थान्तरन्यास ।

**11.** चम्स्कीको मतअनुसार भाषाको प्रतिनिधि वक्ता को हो ?

(1) त्यो भाषा राम्ररी बोल्न जान्ने व्यक्ति

(2) बाल्यकालदेखि दैनिक व्यवहारमा त्यस भाषाको प्रयोग गरिआएको व्यक्ति

(3) त्यस भाषाको राम्ररी अध्ययन गरेको व्यक्ति

(4) त्यस भाषाको व्याकरणसम्मत प्रयोग गर्न सक्ने व्यक्ति

**12.** लोककथालाई फोक टेल, हिरो टेल, ब्यालेड्स, प्लेस लेजन्ड भनेर चार वर्गमा बाँड्ने लोककथाविद् को हुन् ?

(1) सी एस वर्न । (2) एन टी आर्ने ।

(3) जर्ज लरेन्स गोमे । (4) स्टिथ थोमसन ।

**13.** व्यवस्थापरक भाषाविज्ञानअनुसार भाषाका कोटिहरूलाई एका-अर्काबाट छुट्टयाउने प्रतिमानहरू के के हुन् ?

(1) वार्णिक संरचना, आर्थिक स्तरीयता, रूपिमिक ढाँचा र भाषिक प्रकार्य

(2) कर्मकता, पक्ष, लिङ्ग र भाव

(3) कारक, वचन, लिङ्ग र काल

(4) श्रेणी, सूक्ष्मता, गम्भीरता र प्रतिपादन

**14.** तल समूह 'क' का कुन काव्य-रस र समूह 'ख' का कुन काव्यरसका विरोधी हुन् सो डिम्याएर सही उत्तर चिन्हित गर्नुहोस् ।

| **'क'** | | **'ख'** | |
|---|---|---|---|
| (क) | शृङ्गार | (i) | भयानक, शान्त |
| (ख) | वीर | (ii) | शृङ्गार, वीर, रौद्र, हास्य, शान्त |
| (ग) | हास्य | (iii) | करुण, वीभत्स, रौद्र, भयानक |
| (घ) | भयानक | (iv) | भयानक, करुण |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (iii) | (iv) | (i) | (ii) |
| (2) | (iii) | (i) | (iv) | (ii) |
| (3) | (iv) | (iii) | (ii) | (i) |
| (4) | (ii) | (iv) | (i) | (iii) |

15. तलका मध्ये कुन कथन सही छ ?

(1) अलङ्कारलाई काव्याङ्ग मानेर काव्यशास्त्रीय दृष्टिले यसको विवेचनाको क्रम भरतमुनिदेखि प्रारम्भ भएको देखिन्छ ।

(2) भरतमुनिले नै सर्वोपरि रूपमा अलङ्कार-सम्प्रदायको स्थापना गरेका हुन् ।

(3) भरतमुनिले अलङ्कारलाई भन्दा वक्रोक्तिलाई सर्वोच्च मानेका छन् ।

(4) 'काव्यालङ्कारसूत्र' रुय्यकले लेखेका हुन् ।

16. प्राचीन नेपालीको उत्पत्ति मागधी प्राकृत तथा अपभ्रंश र उत्तरकालीन नेपालीको उत्पत्ति शौरसेनी प्राकृतबाट भएको मान्ने विद्वान् को हुन् ?

(1) जे ए एटन । (2) आर एल टर्नर ।

(3) दयानन्द श्रीवास्तव । (4) सूर्यविक्रम ज्ञवाली ।

17. 'यो कथा सत्य र असत्यको तराजुमा नजोखिने एउटा वृतान्त हो । यसको महत्त्व पौराणिक छ, सङ्केतमय, प्रतीकात्मक ।'

माथिको मन्तव्य कुन लेखकले आफ्ना कुन कृतिका बारेमा व्यक्त गरेका हुन् ?

(1) विश्वेश्वरप्रसाद कोइरालाले 'सुम्निमा' उपन्यासका बारेमा ।

(2) ध्रुवचन्द्र गौतमले 'अलिखित' का बारेमा ।

(3) नारायण ढकालले 'प्रेतकल्प' का बारेमा ।

(4) नयनराज पाण्डेले 'लू' उपन्यासका बारेमा ।

18. माथि सङ्केत गरिएको 'पौराणिक छ'-सङ्केतमय, प्रतीकात्मक' आदि विशेषणले उक्त कृतिलाई कस्तो स्वरूपको ठहराएको छ भन्ने मत समालोचक इन्द्रबहादुर राईले प्रकट गरेका छन् ?

(1) स्वैरकल्पनात्मक । (2) आद्यस्वरूपीय ।

(3) लीलापूर्ण । (4) मायिक यथार्थ ।

19. 'बुइँगल' मा छापिएको 'मेडिकलहलको विज्ञापन' को स्रोत के हो ?

(1) १९५७ को पात्रो । (2) अमृतलहरीको सवाई ।

(3) बटुलबाटुल । (4) नरजीवन ।

20. 'जिकरमे नहि फिकर राखिए ।' लेख्ने सन्तकवि को हुन् ?

(1) स्वामी निर्गुणानन्द । (2) धौकलदास ।

(3) १०८ श्यामदास । (4) स्वर्गद्वारी महाप्रभु ।

21. माथिको वाक्यमा प्रयुक्त भाषा कुन हो ?

(1) ब्रज । (2) अवधी ।

(3) सधुक्कडी । (4) भोजपुरी ।

22. शोधका निम्नलिखित प्रक्रियाको पौर्वापर क्रम खुट्ट्याउनुहोस् -

i. उद्देश्य कथन

ii. नमुना छनौट र शोध-रूपायनको तयारी

iii. शोधसमस्या कथन

iv. पूर्वकार्यको विशद सर्वेक्षण

v. तथ्याङ्क सङ्कलन ।

(1) iii, iv, i, ii, v

(2) ii, i, iv, iii, v

(3) iv, i, iii, v, ii

(4) ii, iv, iii, v, i

23. वस्तुपरकता, स्पष्टता, वर्णनात्मक यथातथ्यता र मूर्त्तता, संक्षिप्त प्रतिपादन, भाषाको मितव्ययिता, लयात्मकता आदिको आग्रह राख्ने साहित्यिक 'वाद' कुन हो ?

(1) प्रतीकवाद । (2) प्रकृतवाद ।

(3) बिम्बवाद । (4) भविष्यवाद ।

24. 'कविका काव्यमा हुनुपर्ने मुख्य गुण तीन छन् - (1) लालित्य, (2) सरलता, (3) विचारको मौलिकता ।'
माथिको विचार कुन लेखकले कुन ग्रन्थमा व्यक्त गरेका हुन् ?

(1) बाबुराम आचार्यले 'पुराना कवि र कविता' मा ।

(2) राममणि रिसालले 'नेपाली काव्य र कवि' मा ।

(3) दयाराम श्रेष्ठले 'वीरकालीन कविता' मा ।

(4) वासुदेव त्रिपाठीले 'लेखनाथ पौड्यीलको कवित्वको विश्लेषण तथा मूल्याङ्कन' मा ।

**25.** लेखकले माथिको उद्धरणमा उल्लिखित तीनैवटा गुण कुन कविका रचनामा पाइने मन्तव्य राखेका छन् ?

(1) सुवानन्ददास । (2) रघुनाथ भट्ट ।
(3) वसन्त शर्मा । (4) भानुभक्त आचार्य ।

**26.** 'झ्याउरे' छन्दलाई 'झामर' छन्द भन्ने विद्वान् को हुन् ?

(1) बालकृष्ण पोखरेल । (2) बाबुराम आचार्य ।
(3) बालचन्द्र शर्मा । (4) बालकृष्ण सम ।

**27.** तलका मध्ये कुनचाहिँ कृति राजेन्द्र भण्डारीको हो ?

(1) अक्षर-अर्केष्ट्रा । (2) अक्षरै-अक्षरको सहर ।
(3) अभिन्न अक्षर । (4) क्षर/अक्षर ।

**28.** टी एस इलिअटले कुन आलोचकको समीक्षालाई 'एउटा रङ उड्दै गएको समालोचना' भनेका छन् ?

(1) वाल्टर पेटर । (2) अल्जेर्नन स्विनवर्न ।
(3) वाल्ट ह्विट्मन । (4) म्याथ्यु आर्नल्ड ।

**29.** तलका मध्ये कुन समूहमा परेका कथनहरू सही छन् ?

क. प्रतीकवादलाई रोमान्टिक धाराको परिष्कृत रूप पनि भनिएको छ ।

ख. एडमन्ड विल्सनको विचारमा प्रतीकवादी धाराका बिम्बहरू साधारण रूपमा जानिने बिम्बहरूभन्दा बेग्लै हुँदैनन् ।

ग. बिम्बवादी कविताले सङ्गीतको प्रभाव दिनुपर्छ भन्ने आग्रह राख्दछ ।

घ. प्रतीकवादी काव्य मेटाफिजिकल वा तत्त्व मीमांसामा आधारित काव्य जस्तै हुन्छ ।

(1) क, ख, ग । (2) क, ग, घ ।
(3) ख, ग, घ । (4) क, ख, घ ।

**30.** 'आवर्त्तकाल कति नै पनि पूर्णकाल हुँदैन ।..... सदावर्त्तकाल छ सधैँमाथि ।..... पुनरुद्भूत नभई सदास्थित छ पूर्णकाल । यो कदाचित् भाव्यता (विकमिङ) भन्दा अधिकतर भविता (विइङ्) हो ।'

माथिको उक्ति कुन साहित्यिक आन्दोलनसँग सम्बन्धित छ ?

(1) तेस्रो आयाम । (2) राल्फाली आन्दोलन ।
(3) तरलतावाद । (4) अस्वीकृत जमात ।

**31.** काल-चेतनालाई 'नैरन्तर्य' को अवस्थामा स्वीकार गर्ने कथित साहित्यिक आन्दोलनले त्यसैको भविता (विइङ्) – बाट विकसित भई आफ्नो प्रतिबद्धतालाई 'सदावर्त्त काल' को निहुँमा बद्लिएको अर्को साहित्यिक आन्दोलन कुन हो ?

(1) शून्यवादी । (2) लीला लेखन ।

(3) सृजनशील अराजकता । (4) चौथो आयाम ।

**32.** नेपाली साहित्यमा वि सं २०४३ मा 'एक लाइन कविता आन्दोलन' को घोषणा हुनुभन्दा पहिल्यै माध्यमिककालमा नै यस्ता कविता लेख्ने कवि को हुन् ?

(1) राजीवलोचन जोशी । (2) लक्ष्मीदत्त पन्त ।

(3) मोतीराम भट्ट । (4) शम्भुप्रसाद ढुङ्ग्याल ।

'एक पाइलो हिँड्दैमा भन्ज्याङ पुग्न सकिन्छ ? हिँडिरहनु पर्छ हिँडिरहनु पर्छ, अनि पो पुगिन्छ ।'

**33.** 'चामु थापा' शीर्षकको यस नाटकका नाटककार को हुन् ?

(1) बालकृष्ण सम । (2) भीमनिधि तिवारी ।

(3) गोविन्द 'गोठाले' । (4) विजय मल्ल ।

**34.** 'चामु थापा' नाटकको चामुथापा को हुन् ?

(1) पृथ्वीनारायण शाहको पैदल सिपाही ।

(2) अमरसिंहको सेनामा सिपाही ।

(3) राजराजेश्वरीको अङ्गरक्षक सिपाही ।

(4) भीमसेन थापाको सेनामा सिपाही ।

**35.** तलका मध्ये कुन समूहमा परेका कथनहरू सही छन् ?

क. उत्तरी गौडी शाखाका भाषाहरू कुमाउनी, गढवाली, नेपाली हुन् ।

ख. आधुनिक भारतीय आर्यभाषाको पूर्वी गौडी शाखामा ब्रज, राजस्थानी, सिन्धी आदि भाषाहरू पर्दछन् ।

ग. पश्चिमी गौडीअन्तर्गत पश्चिमी हिन्दी, गुजराती, पन्जाबी भाषाहरू पर्दछन् ।

घ. दक्षिणी गौडी शाखाको मुख्य भाषा मराठी हो ।

(1) क, ख, ग । (2) ख, ग, घ ।

(3) क, ख, घ । (4) क, ग, घ ।

**36.** प्राकृतमा अर्कै रूप ग्रहण गरिसकेका शब्दहरूको साटो नेपालीमा संस्कृत शब्द नै ग्रहण गरियो । ती शब्दलाई के भनिन्छ ?

(1) अर्ध तत्सम । (2) आगन्तुक ।

(3) नवीन तत्सम । (4) देशज ।

**37.** रस-सम्प्रदायका विभिन्न आचार्यहरू र तिनका मतहरूको सही क्रम चिन्हित गर्नुहोस् ।

| **'क'** | | **'ख'** | |
|---|---|---|---|
| (क) | शङ्कुक | (i) | उत्पत्तिवाद वा आरोपवाद |
| (ख) | भट्टनायक | (ii) | अभिव्यक्तिवाद |
| (ग) | अभिनवगुप्त | (iii) | अनुमितिवाद |
| (घ) | भट्टलोल्लट | (iv) | भुक्तिवाद वा भोगवाद |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (ii) | (i) | (iv) | (iii) |
| (2) | (iii) | (i) | (iv) | (ii) |
| (3) | (iii) | (iv) | (ii) | (i) |
| (4) | (iv) | (i) | (ii) | (iii) |

**38.** सूर्यविक्रम ज्ञवाली र पारसमणि प्रधानमाझ चलेको भाषिक मतभेद कुन पत्रिकाका सम्पादकले 'एउटा नोट' लेखेर बन्द गरिदिए ?

(1) 'नेपाली साहित्य सम्मेलन पत्रिका' का सम्पादक रूपनारायण सिंह ।

(2) 'गोर्खा सेवक' का सम्पादक मणिसिंह गुरुङ ।

(3) 'गोर्खे खबर् कागत्' का सम्पादक गङ्गाप्रसाद प्रधान ।

(4) 'गोर्खा संसार' का सम्पादक ठाकुर चन्दनसिंह ।

**39.** "छेत्रीको छोरो यो पाउ छुन्छ घिनले छुँदैन
मानिस ठुलो दिलले हुन्छ जातले हुँदैन ।"
यस पद्यांशमा कुन अलङ्कार परेको छ ?

(1) विरोधाभास । (2) व्यतिरेक ।

(3) अर्थान्तरन्यास । (4) व्याजोक्ति ।

**40.** कविले काव्यमा वर्णन गरेको कुरा पुष्टि गर्नका निम्ति 'समर्थक हेतु' कल्पना गरेको हुन्छ । काव्यशास्त्रमा त्यस हेतुलाई के भनिन्छ ?

(1) काव्यपुरुष । (2) काव्यलिङ्ग ।

(3) काव्यान्वय । (4) काव्यहेतु ।

**41.** नेपाली भाषामा प्रयोग हुने 'चोलो', 'पटुका', 'मुन्धुम', 'बाउसे' शब्दहरू कुन भाषा परिवारबाट आएका हुन् ?

(1) भारोपेली । (2) भोट-बर्मेली ।

(3) आग्नेय । (4) द्रविड ।

"अजङ्ग गर्जना गरी प्रचण्ड भै नृसिंहले
उजण्ड बाहुदण्डको अखण्ड तीक्ष्ण अग्रले
घमण्ड आदि-दैत्यको उडाइ खण्ड खण्डमा
पटक्क छाति फोडियो, बढ्यो खुशी त्रिलोकमा"

**42.** यस श्लोकमा उल्लेख भएको 'आदि-दैत्य' को हुन् ?

(1) रावण । (2) नृसिंह ।

(3) महिषासुर । (4) बकासुर ।

**43.** उपर्युक्त श्लोकमा कुन रस परेको छ ?

(1) वीर । (2) भयानक ।

(3) रौद्र । (4) वीभत्स ।

**44.** समालोचक रामकृष्ण शर्माले 'टाक्सिएको नेपाली कविता' मा 'नेपाली कविताले फस्टाउने औषधि पायो' भनेर कुन कवितिर सङ्केत गरेका हुन् ?

(1) लेखनाथ पौड्याल । (2) लक्ष्मीप्रसाद देवकोटा ।

(3) बालकृष्ण सम । (4) सिद्धिचरण श्रेष्ठ ।

**45.** नवशास्त्रीयतावादको विरोधमा उठेको साहित्यिक धारालाई के संज्ञा दिइएको छ ?

(1) प्रतीकवाद । (2) प्रकृतिवाद ।

(3) तत्त्ववाद । (4) बिम्बवाद ।

46. “ ‘लङ्गडाको साथी’ मा चित्रित मानवतावाद अल्बर्ट कामुकृत ‘ला पेस्त’ (द प्लेग) को मानवतावादभन्दा बढी कारुणिक छ ।”

यस्तो तुलनात्मक दृष्टिकोण प्रस्तुत गर्ने समालोचक को हुन् ?

(1) इन्द्रबहादुर राई ।
(2) मोहन हिमांशु थापा ।
(3) राजनारायण प्रधान ।
(4) मुरारीप्रसाद रेग्मी ।

47. “मेरो जन्म एउटा द्विविधामा भएको हो । मृत्युलोकको द्वारसम्म आएर मानौँ म गम्नलागेँ -जाऊँ कि नजाऊँ ? ”

आफ्नो जन्म प्रकरणबारे लेखिएको यो कसको अभिव्यक्ति हो ?

(1) इन्द्रबहादुर राई ।
(2) शङ्कर लामिछाने ।
(3) विश्वेश्वरप्रसाद कोइराला ।
(4) रामलाल अधिकारी ।

48. छन्द नभए तापनि कतै कतै छन्दको टुक्रा जस्तो देखिने समास भएको गद्यको प्रकारलाई के भनिन्छ ?

(1) वृत्तगन्धि ।
(2) चूर्णक ।
(3) उत्कलिका ।
(4) मुक्तक ।

49. प्रकार्यका दृष्टिले नेपाली लोकगीतमध्ये भुओ गीत कुन वर्गमा पर्छ ?

(1) धार्मिक गीत ।
(2) संस्कार गीत ।
(3) ऋतुगीत ।
(4) श्रमगीत ।

50. “शिरीषको फूल’ ले ‘ब्रह्म सत्यं जगन्मिथ्या’ को मायावद नेपाली साहित्यमा हुल्न खोजेको छ ।”

यो कसको टिप्पणी हो ?

(1) तारानाथ शर्मा ।
(2) खगेन्द्र सङ्ग्रौला ।
(3) गोविन्द भट्ट ।
(4) निनु चापागाईँ ।

**Space For Rough Work**